# रेड र नागरिक समाज

■ नया शर्मा पौडेल*

वन विनाश एवम् वन क्षयीकरणका कारण भइरहेको कार्बन उत्सर्जन घटाउने प्रणाली अर्थात् रेड (Reducing Emission from Deforestation and Degradation-REDD) विश्व जलवायु संयन्त्रको एक मुख्य अङ्ग हुने सम्भावना बढेपछि यसले अन्तर्राष्ट्रिय र राष्ट्रिय तहमा नागरिक समाजको ध्यानाकर्षण गरेको छ। यद्यपि, सन २००७ को बालीदेखि सन २००९ को कोपेनहेगेन सम्मेलनसम्म आइपुग्दा पनि रेडको संयन्त्र, यसको वित्तीय प्रणाली र नीतिगत संरचनाहरूमा स्पष्टता छैन । यसैबीच नागरिक समाजका सरोकारका विषय र यसका मुद्दाहरू भने बिस्तारै सङ्गठित र सक्रिय हुँदै आइरहेका छन् । यस लेखमा रेड कार्यान्वयनको सन्दर्भमा नेपालको नागरिक समाज खासगरी यहाको नागरिक आन्दोलनको उठान, स्वरूप र वर्तमान गतिविधिहरूबारे आलोचनात्मक विवेचना गरिएको छ ।

रेडको अवधारणा, यसको अन्तर्राष्ट्रिय संयन्त्र, निर्णय प्रक्रिया र राष्ट्रिय एवं स्थानीय तहमा यसको कार्यान्वयनबाट पर्न सक्ने प्रभावबारे नागरिक समाजले थुप्रै महत्वपूर्ण सरोकारहरु देखाएको छ । पहिलो त, विश्व जलवायु परिवर्तनका कारण सिर्जित नकारात्मक प्रभावहरूको सम्वन्धमा यससम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको मर्मअनुसार धनी तथा औद्योगिक देश र विकासोन्मुख एवं अतिकम विकसित देशहरुबीच साझा तर असमान (पृथक्) दायित्वहरूसहितको जलवायुजन्य न्याय स्थापित हुनुपर्‍यो । यसका लागि औद्योगिक देशहरूले आफ्नो हरितगृह ग्यास (GHG) को उत्सर्जन घटाउने र अतिकम विकसित र विकासोन्मुख देशलाई अनुकूलनका लागि सघाउने प्रतिबद्धतामा आउनुपर्‍यो ।

दोस्रो, जलवायुसम्बन्धी अन्तर्राष्ट्रिय एवं राष्ट्रिय तहमा गरिने कुनै पनि नीति निर्माण प्रक्रियाहरू समावेशी, सहभागितामूलक र लोकतान्त्रिक प्रक्रियाबाट हुनुपर्‍यो । यस्तै यी नीतिहरूको कार्यान्वयन पारदर्शी ढङ्गले हुनुपर्‍यो र सरकार एवम् अन्तर्राष्ट्रिय संस्थाहरू आम नागरिकप्रति पूर्ण जवाफदेही हुनुपर्‍यो । महत्वपूर्ण कुरा त यस्ता नीति निर्माण र कार्यान्वयन प्रक्रियाहरूमा जलवायु परिवर्तनका कारण उच्च जोखिम एवं प्रत्यक्ष प्रभावमा परेका र वन स्रोतमा ज्यादा निर्भर रहने गरिब/विपन्न, सीमान्तकृत एवं आदिवासी समुदायको पूर्ण सहभागिता र भूमिका स्पष्ट हुनुपर्‍यो ।

तेस्रो, स्थानीय समुदायहरू र आदिवासी जनजाति आदिले परम्परागत रूपमा गरिआएको स्रोतसँगको अन्तर्क्रिया, स्रोतको उपयोग, खासगरी वनस्रोतमाथिको परम्परागत पहुँच र उपयोगमा रेडले कुनै अप्ठेरो पार्न भएन । अर्को अर्थमा रेडले आदिवासी, जनजाति, अरू स्थानीय समूहको स्रोतमा पहुँचको परम्परागत मान्यता र अभ्यासहरूलाई सम्मान पनि गर्नुपर्‍यो ।

चौथो, रेड र यसअन्तर्गत कार्बन व्यापारमा गई यो प्रक्रियाबाट यथोचित फाइदा लिन हाम्रा समुदायहरू र तिनको नेतृत्वदायी संस्थाहरु सक्षम छन् त ? गाउँ-गाउँमै बजार भएको काठ स्रोत र वनभित्र भएका विविध पारिस्थितिकीय वस्तु तथा सेवाहरूमाथिको स्वामित्व एवं अधिकारको स्पष्टता नभएको हालको अवस्थामा रेडको भुक्तानी प्रणाली र लाभांश वितरण अति संवेदनशील विषय हो । यसका लागि कार्बनमाथिको सामुदायिक स्वामित्वको सुनिश्चितता अति नै महत्वपूर्ण छ ।

स्थानीय समुदायहरूले संरक्षण, संबर्द्धन र व्यवस्थापन गरेअनुरूप त्यस्ता वनको कार्बन व्यापारबाट हुन सक्ने लाभको वितरण समन्यायिक हुनुपऱ्यो । स्रोतको संरक्षणमा लाग्ने समुदायहरूले त्यसमा पनि समुदायका सीमान्तकृत वर्गले कार्बन व्यापारबाट कति लाभ लिन सक्लान् ? काठ वा अन्य वनपैदावारको व्यापारबाट समेत उचित लाभ लिन नसकेका वनमा आश्रित गरिब र सीमान्तकृत समूहहरूले कार्बन व्यापारको अप्रत्यक्ष अन्तर्राष्ट्रिय Value chain मा आफ्ना स्वार्थहरूको रक्षा गर्न सक्लान् त ? उनीहरूलाई यसका लागि कसरी सक्षम बनाउन सकिन्छ ?

पाँचौं, कार्बन व्यापारमा प्रवेश गर्दा गरिब देश र त्यहाँका समूह/समुदायले आफ्नो स्रोतमाथिको प्राकृतिक अधिकार गुमाउनुपर्छ कि ? त्यस्ता समुदायले गरिआएको स्रोतको व्यवस्थापनमा अन्तर्राष्ट्रिय र राष्ट्रिय सरकारका नियम र कानुनले बाधा पुऱ्याउँछन् कि ?

यिनै विभिन्न सरोकारलाई लिएर नागरिक समाजले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा आफ्नो अभियान चलाई आएको छ । जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय अन्तर सरकारी सम्मेलनहरू र यससम्बन्धी वार्ताका विभिन्न तहमा दबाव दिएर र आफ्ना छुट्टै भेलासमेत राखेर वा अधिकारिक प्रक्रियामा नागरिक समाजका मुद्दा केही हदसम्म स्थापना गराउन नागरिक समाज केही हदसम्म सफल भइसकेको छ ।

नेपालमा पनि केही वर्षयता रेडको तयारी प्रक्रिया विस्तारै अघि बढिरहेको छ । वन तथा भूसंरक्षण मन्त्रालयले विश्व बैंकको सहयोगमा रेड तयारी कार्यक्रम लागू गर्दैछ भने नोराडको सहयोगमा नेपालका थुप्रै संघसंस्थाले रेडका विभिन्न पक्षमा सचेतना अभिबृद्धि र परीक्षण कार्यक्रम सञ्चालन गरिरहेका छन् । वन परियोजनाहरुले पनि रेडका सन्दर्भमा थुप्रै लगानी गर्दै आएका छन् । सञ्चारमाध्यममा रेड बापत अर्बौं डलर रकम आउने हल्ला चलिरहेको छ र कतिपयमा हावा बेचेर धनी हुन सकिने सपना मौलाउँदो छ । यस्तो परिवेशमा नेपालको नागरिक समाजले रेडका बारेमा गर्नुपर्ने काम निकै धेरै छ ।

यस सन्दर्भमा भरखरैमात्र केही बहस सुरु भएका छन् । हाम्रो जस्तो गरिब र कृषि अर्थतन्त्र भएको र विश्वव्यापी कार्बन उत्सर्जनको जम्मा ०.०२५ प्रतिशत हिस्सा ओगेटेको देशको लागि हरितगृह ग्यास उत्सर्जन कम गर्ने कार्य प्राथमिकताको विषय हो र ? बरु जलवायु परिवर्तनको प्रत्यक्ष प्रभावहरू खेपिसकेका र खेपिरहेका नेपालका गरिब र सीमान्तकृत जनताले कसरी आफूमा अनुकूलन क्षमता बढाउने भन्ने पो प्राथमिकताको विषय हुन सक्ला । यसका लागि वन व्यवस्थापनलाई कसरी बहु-उपयोगी, उत्पादनशील बनाउने र जङ्गलवरपर बस्नेहरूको अनुकूलन क्षमता कसरी बढाउने भन्ने अहम् प्रश्न हो । हाम्रो एकीकृत कृषि प्रणालीमा वनको व्यवस्थापन दर्जनौं विविध लाभहरूका लागि गर्नुपर्ने हुन्छ न कि शुद्ध कार्बन सञ्चिति बढाउन । परम्परागत कृषिमा आधारित हाम्रो अन्य फाइदाहरू यति धेरै र मूल्यवान् छन् कि कार्बन उत्सर्जन घटाउने वा कार्बनको सञ्चिति बढाउने मात्र उद्देश्य हाम्रो लागि धेरै गौण बन्न जान्छ । यो ग्रामीण अर्थतन्त्रको हितमा छैन । फेरि नेपालको वनमा नागरिकहरूको अधिकारलाई मान्यता दिई समुदायमा हस्तान्तरण भएको वन देशको कुल वनको करिब एक चौथाइमात्र हो । यसभित्र पनि सरकारले पर्याप्त अधिकार हस्तान्तरण गरेको छैन भन्ने विवाद कायमै छ, खासगरी समुदायद्वारा व्यवस्थित वनको कार्बनमा समेत सरकारी स्वामित्व हुनुपर्छ भन्ने दावीको संकेत देखेपछि यो शंका बढेको छ । यस्तो परिवशेमा रेडको कार्यान्वयनले वनमा

आश्रित र वनको संरक्षणमा लागेका समुदाय / समूहलाई कार्बनमाथिको स्वामित्व / अधिकार कसरी स्थापित गराउन सकिन्छ ? त्यसैगरी आफ्नो समूहको सामान्य घाँसदाउराको व्यवस्थापनमा समेत पर्याप्त अनुभव नपाएका समूहहरूलाई कार्बन व्यापारको अन्तर्राष्ट्रिय भेलु-चेन (Value Chain) मा खेल्न र त्यसबाट लाभ लिन कति सजिलो होला ? रेड अन्तर्गत कार्बन व्यापारमा जान पूरा गर्नुपर्ने विभिन्न प्राविधिक मापदण्ड र सर्तहरू कसरी पूरा गर्न सकिएला ? यसका लागि लाग्ने लगानी कसरी जुटाउने ? र खर्चभन्दा लाभ कम भयो भने के गर्ने ? यस्ता अनेक प्रश्नको जवाफ खोज्दै जाँदा रेडको सम्भावित फाइदामा धेरै हौसिनु नपर्ने देखिन्छ । त्यसैगरी स्रोतमाथि समाजका टाठा-बाठाहरूको बोलवाला रहेको हाम्रो जस्तो सामन्ती समाजका सन्दर्भमा रेडलाई कसरी आन्तरिक रुपमा न्यायोचित, समावेशी र सहभागीमूलक बनाउने भन्ने ठूलो चुनौती पनि विद्यमान छ ।

## के गर्दै छ त नागरिक समाज ?

नेपालको वन क्षेत्रमा सक्रिय नागरिक समाजलाई मूलतः दुई वर्गमा राखेर हेर्न सकिन्छ-

क) वन व्यवस्थापनमा सामुदायिक तहमा प्राविधिक र संस्थागत सेवा पुऱ्याउने र वन व्यवस्थापनको प्राविधिक एक सामाजिक क्षेत्रमा अध्ययन, अनुसन्धान गर्ने- गैर सरकारी संस्थाहरू र

ख) वन व्यवस्थापनमा सक्रिय समुदायिक सदस्यतामा आधारित जनसङ्गठनहरू जस्तै फेकोफन, एकोफन, हिमवन्ती, नेफिन आदि ।

संरचनाका हिसाबले फरक भए पनि रेडसँगको सरोकार र संलग्नताका हिसाबले भने यी दुईथरी प्रकृतिका संस्थामा आधारभूत अन्तर भेट्न भने गाह्रो छ ।

यी दुवैथरी संस्थाहरू यतिबेला रेडका सन्दर्भमा क्षमता अभिबृद्धि र विभिन्न प्रयोगात्मक परीक्षण परियोजना कार्यान्वयनमा व्यस्त छन् । वन तथा भूसंरक्षण मन्त्रालयको रेड सेल वा अन्तर्राष्ट्रिय संस्थाहरूसँगको साझेदारीमा उनीहरू विभिन्न आयोजनाहरू सञ्चालन गरिरहेको छन् । रेडमा वन समुदायको अधिकारका लागि वकालत गर्ने संस्थाहरु आफैं परियोजना सञ्चालक हुने प्रवृत्ति र होड बढ्दै गएकोले नेपालमा रेडमा अधिकार सुरक्षाको अवस्था कति सुरक्षित हुन्छ भन्न नसकिने अवस्था छ ।

रेड अवधारणाअन्तर्गत नेपालमा हाल चलिरहेका कार्यक्रमहरू मूलतः रेडको सफल कार्यान्वयनका लागि आवश्यक तयारी गर्न सघाउने खालका छन् । यसका लागि आम नागरिक, खासगरी वन व्यवस्थापनमा सक्रिय समूहहरूमा रेडको सैद्धान्तिक एवं नीतिगत विषयमा चेतना फैलाउने काम व्यापक रूपमा चलेको छ । यसैगरी कार्बन सञ्चितिको अनुमान, यसको अनुगमन, प्रतिवदेन र प्रमाणीकरणसम्बन्धी सर्तहरू र त्यसमा समुदायको क्षमता अभिबृद्धि बढाउने काममा पनि निकै चासो बढेको छ । सरसर्ती हेर्दा रेड प्रक्रियामा समुदायहरूको पहुँच र त्यसबाट प्राप्त लाभको न्यायोचित वितरणका लागि अपनाउनुपर्ने संस्थागत संरचना र प्रक्रियाहरूको खोजीमा नागरिक समाजका संगठनहरू लागिपरेका छन् ।

यहाँनेर गैर सरकारी संस्थाहरू र समग्र नागरिक समाजको भूमिकामा केही छलफल जरूरी छ । पहिलो, रेडको विषयमा नागरिक समाज सरकारी संयन्त्रभन्दा निकै बढी जानकार र सक्रिय छ । मन्त्रालयको तहमा एउटा रेड-फरेस्ट्री एवं जलवायु परिवर्तन एकाइ बनाइएको छ- जसले मूलतः रेडको नीतिगत खाकामा गृहकार्य गर्नुको साथै रेड

कार्यसमूहको सचिवालयको भूमिका निर्वाह गरिरहेको छ। यसबाहेक वन मन्त्रालयको समग्र संयन्त्रमा रेड अहिले पनि प्राथमिकतामा परेको छैन। सिंगो वन कर्मचारी संयन्त्र रेड परीक्षण, चेतना एवं कार्यान्वयनमा पूर्णतः बेखबरजस्तै छ। अर्कोतिर नागरिक समाजका विभिन्न संगठनहरू र व्यक्तिहरू भने रेडसम्बन्धी विविध कार्यक्रमहरू सञ्चालनमा सक्रिय रहेका छन्। रेडको तालिम र गोष्ठीमा बालीदेखि कोपेनहेगनसम्म र नेपालकै पनि कुनाकाप्चाका गाउँसम्म पुगेर यस विषयमा छलफल चलाइरहेका छन्। देशव्यापी संयन्त्र भएको सरकारी निकायको सीमान्त भूमिका रहने र रेड तयारीका प्राय काम नागरिक समाज खासगरी गैससहरूले सञ्चालन गरेबाट राज्य र नागरिक समाजका परम्परागत विभाजन, बुझाइ, मान्यताहरू र सापेक्षित भूमिका तथा जिम्मेवारीहरूमा पुनर्विचार गर्नुपर्ने देखिन्छ। राज्यले गरेको कामलाई निगरानी गर्ने, त्यसलाई आलोचनात्मक समर्थन गर्ने र वनमा आश्रित गरिब र सीमान्तकृतहरूको आवाजलाई नीति निर्माण प्रक्रियासम्म पुऱ्याउने जिम्मेवारी नागरिक समाजको हो तर नेपालमा रेडको सन्दर्भमा नागरिक समाजका कामहरू राज्यले निगरानी गर्नुपर्नेजस्तो अवस्था सिर्जना भएको छ।

नेपालको नागरिक समाजको ठूलो हिस्सा गैससहरूले आगेटेका छन्- जो प्रत्यक्ष रूपमा बाह्य आर्थिक सहयोगमा निर्भर छन्, जसले गर्दा उनीहरू अन्तर्राष्ट्रिय विकास सहयोगको आलोचना गर्न सक्दैनन् बरु त्यही सहयोग उद्योगलाई बढावा दिन्छन्। नेपालको हालसम्मको रेड यही विकास सहयोगको ढाँचाभित्र सीमित छ। त्यसैले अधिकांश नागरिक समाजहरुको संस्थागत संयन्त्र पनि त्यसैअनुरूप बनेको छ। जलवायु परिवर्तनको नारामा रेडका लागि उपलब्ध बाह्य सहयोगमा गैससहरू र अन्य नागरिक संगठनहरूबीच प्रतिस्पर्धा बढेको छ। वन व्यवस्थापनमा लागेका ठूलासाना संस्थाहरुदेखि राष्ट्रियस्तरका जनसंगठनहरूसमेत रेडसँग गाँसिएको सहयोग कार्यक्रममा भर परेका छन्। यस्तो लाग्छ मानौं उनीहरू त्यसैमा समाहित भएका छन् र सकेसम्म त्यसको निरन्तरताको पक्षमा छन्।

अहिलेको राजनैतिक अन्यौल र सामाजिक अराजकताबीच नागरिक समाजको जवाफदेहितामा पनि कमि आउन सक्ने थुप्रै सम्भावना छ। यतिवेलाको नेपालको राजनैतिक संक्रमणका कारण पनि राज्य, बजार र नागरिक समाजका विशिष्ट भूमिका र जिम्मेवारीहरूमा पनि द्विविधा र अस्पष्टता देखापरेका छन्। राजनैतिक नेतृत्व सत्ता विवादको साँघुरो झगडामा फसिरहेको छ र आम जनताप्रतिको उत्तरदायित्व वहन गरिरहेको छैन। यस्तो परिवेशमा देशको कर्मचारी संयन्त्र, बजार र नागरिक समाजको जवाफदेहितामा समस्या देखिएको छ।

यहाँनेर नागरिक समाजको कार्यशैली अर्को महत्वपूर्ण सरोकारको विषय हो। हाम्रो देशमा नागरिक समाज, खासगरी विदेशी सहयोगमा चल्ने गैससहरू नागरिक खबरदारी गर्नेभन्दा पनि विभिन्न क्षेत्रमा सेवाप्रदायकको भूमिका खेलिरहेका छन्। विदेशी दातृ संस्था वा सरकारी निकायहरूबाट निश्चित परियोजनाहरूका लागि रकम लिने अनुबन्ध गरी सोको ढाँचाभित्र पसी सामाजिक एवं प्राविधिक सेवा प्रदान गर्ने यी गैससहरूले नागरिक समाजले खेल्नपर्ने बहुमुखी भूमिका लिएका छैनन् भन्न सकिन्छ।

## के के छन् अवसर ?

रेड अवधारणा र खासगरी अन्तर्राष्ट्रिय स्तरमा यसको वरफर चलेका छलफलहरूमा निम्न अवसरहरु विद्यमान छन्-

**पहिलो :** रेडसम्बन्धी अन्तर्राष्ट्रिय नीति प्रक्रिया र त्यससँग सम्बन्धित विभिन्न निकाय, मञ्च, संयन्त्रहरूमा नागरिक समाजको तर्कपूर्ण भनाइहरू राख्ने, वैकल्पिक आवाजहरू पुऱ्याउने र सम्भावित

नकारात्मक असरहरूबारे सचेत गर्न राम्रो मौका छ। यसका लागि विभिन्न विषयमा नागरिक समाजका संजालहरू विकसित भइरहेका छन्। नेपालको नागरिक समाजसँग सम्बद्ध संस्था एवं अधिकारकर्मीहरूले पनि त्यस्ता सञ्जालहरूमा पहुँच बढाउँदै तिनको माध्यमबाट नेपालजस्ता गरिब र प्राकृतिक स्रोतमा प्रत्यक्ष भर पर्नुपर्ने देशको पक्षमा माहोल सिर्जना गर्न सक्छन्।

**दोस्रो :** नेपालमा रेडसम्बन्धी सरकारी स्तरबाट अघि बढिरहेका प्रक्रियाहरूले पनि नागरिक समाजलाई महत्वपूर्ण स्थान दिएको छ। रेडसम्बन्धी राष्ट्रिय नीति एवं विश्व बैंकको सहयोगमा कार्यान्वयन हुने फरेस्ट कार्बन पार्टनरसिप फ्यासिलिटी अन्तर्गतका योजना कार्यान्वयनको लागि गठित मुख्य संयन्त्र रेड कार्यसमूहमा नागरिक समाजको राम्रो उपस्थिति र सहभागिता छ। यसैगरी रेड सम्बन्धी विभिन्न कार्यमूलक अनुसन्धानहरूको कार्यान्वयनमा पनि मूलतः नागरिक समाजका संस्थाहरू नै सक्रिय छन्। यी सबै कामहरू सम्बन्धित सरकारी निकायसँगको सहकार्य र समन्वयमा सञ्चालन भइरहेका छन्। यसबाट नागरिक समाजका संस्थाहरूको राष्ट्रिय नीति निर्माणमा यथेष्ट पहुँच रहेको देखिन्छ। यो पहुँच र वर्तमान सहकार्यलाई कसरी रेडका आम सरोकारका विषयहरू सम्बोधन गर्नमा उपयोग गर्न सकिन्छ भन्ने कुरा महत्वपूर्ण छ।

**तेस्रो :** रेडको अन्तर्वस्तु, यसको आर्थिक एवं संस्थागत पक्ष, यसको मापन, अनुगमन, प्रतिवेदन र प्रमाणीकरणजस्ता प्राविधिक पक्षहरूलगायत सबै क्षेत्रको ज्ञान मूलतः नागरिक समाजसँग सम्बद्ध संस्था र व्यक्तिहरूमा रहेको छ। रेडको सफल कार्यान्वयन, खासगरी यसमा गरिब एवं वनमा भरपर्ने सीमान्तकृत वर्गहरूको हित रक्षा गर्ने कुरामा ती ज्ञान र सिपको महत्वपूर्ण योगदान रहन सक्छ। साथै यस्तो ज्ञान अन्तर्राष्ट्रिय महासन्धिहरू र संयन्त्रहरूलाई नेपालजस्तो कमजोर देशको हितमा बनाउने काममा सरकारी निकायहरुसँगै सहकार्य गर्न सकिन्छ।

**चौथो :** नागरिक समाज खासगरी गैर सरकारी संस्थाहरूको वन व्यवस्थापनमा संलग्न स्थानीय समुदाय र स्थानीय सरकारहरूसुग गहिरो सम्बन्ध स्थापना भएको छ। साथै उनीहरूसँग स्थानीय स्तरमा लाभांश वितरणको राम्रो अनुभव समेत छ। यी सम्बन्ध र अनुभवहरू भविष्यमा रेडको संस्थागत संरचनाका लागि धेरै उपयोगी हुन सक्छन्।

यसरी सरसर्ती हेर्दा रेडलाई जनमुखी, व्यावहारिक र साँच्चिकै वनमा आश्रित गरिब एवं सीमान्तकृतहरूको हितमा लैजान नागरिक समाजका लागि प्रशस्त अवसरहरू देखिन्छ।

## के गर्न सकिन्छ ?

रेड कार्यान्वयनसँग सम्बन्धित उपर्युक्त चुनौतीहरू र अवसरहरूको आधारमा नागरिक समाजले मूलतः दुईवटा क्षेत्रबाट योगदान गर्न सक्दछ-

क) नागरिक समाज सम्बद्ध संस्था एवं व्यक्तिहरूमा रहेको रेडसम्बन्धी ज्ञान र सिपको बलमा राष्ट्रिय र अन्तर्राष्ट्रिय तहका नीति निर्माण प्रक्रियामा प्राप्त अवसरहरूलाई उपयोग गर्दै रेडको नीति, संयन्त्र र आर्थिक लाभको वितरण प्रक्रियालाई पारदर्शी, न्यायोचित र जवाफदेही बनाउन लागिपर्ने। त्यसैगरी राष्ट्रिय रेड रणनीति बनाउने, रेडसम्बन्धी योजनाहरूको कार्यान्वयनको संयन्त्र बनाउने, राष्ट्रिय वन रणनीति बनाउने र वन व्यवस्थापनमा विकेन्द्रिकृत र समुदायमा आधारित व्यवस्थापनलाई सफल बनाउनेमा पनि उनीहरूले सक्रिय योगदान पुऱ्याउन सक्छन्।

ख) रेडसम्बन्धी विभिन्न कार्यमूलक अनुसन्धानहरू गर्दै, वन व्यवस्थापनमा संलग्न स्थानीय वन उपभोक्ता समूहहरू, एवं अन्य सरोकारवालाहरूको क्षमता अभिबृद्धि एक अर्को

महत्वपूर्ण कार्यभार हो । नेपालको सामुदायिक वन एवं अन्य विकेन्द्रित वन व्यवस्थापनमा सक्रिय स्थानीय समूहहरू एवं सरोकारवालाहरूको संस्थागत र प्राविधिक क्षमता बढाउन सक्दा रेडको समग्र संरचना र प्रक्रियालाई आफ्नो हीतमा ल्याउन उनीहरू आफैं सक्रिय हुन्छन् । साथै सक्षम समुदाय, स्थानीय सरोकारवाला र आवश्यक ज्ञानसहितको नागरिक समाजको सहयोगमा राज्यले समेत अन्तर्राष्ट्रिय तहमा अहिलेभन्दा धेरै सक्रिय भूमिका खेल्न सक्ने हुन्छ । यसरी हेर्दा रेडबाट लाभ लिनुपर्ने समूहको क्षमता बृद्धि गर्न एवं राष्ट्रिय र अन्तर्राष्ट्रिय रेड संयन्त्र र संरचनालाई जनपक्षीय बनाउने कामलाई नै नागरिक समाजले प्रमुख भूमिका बनाउनुपर्ने देखिन्छ ।

## सारांश

जलवायु परिवर्तन कम गर्ने एक प्रमुख प्रणालीको रूपमा विगत केही वर्षयता रेडको छलफल अघि बढेदेखि नै अन्तर्राष्ट्रिय रूपमा नागरिक समाजले गहिरो चासो र चिन्ता व्यक्त गर्दै आएको छ । रेडको कारण वनमा आश्रित गरिब एवं सीमान्तकृत स्थानीय जनताको वनस्रोतमा पहुँच कम हुन सक्ने, यो प्रणालीबाट प्राप्त हुने भनिएको आर्थिक लाभ लक्षित वर्गमा नपुग्ने खतरा र अन्ततः यसको मूल उद्देश्य नै धरापमा पार्ने शंका नागरिक समाजले उठाइरहेको छ । नेपाल पनि रेडको परीक्षण र कार्यान्वयनमा अघि बढिरहेको सन्दर्भमा यहाँ नागरिक समाजको भूमिका महत्वपूर्ण हुन आउँछ । यस सम्बन्धमा हाल चलिरहेको नीति प्रक्रियामा प्राप्त अवसरबाट नागरिक समाजले धेरै नै लाभ लिन सक्नुपर्छ । यही अवसरलाई उपयोग गर्दै राष्ट्रिय अन्तर्राष्ट्रिय रेड संरचना र संयन्त्रहरूलाई जनपक्षीय बनाउने र त्यस्तो नीति एवं कार्यक्रमबाट फाइदा लिन एवं आफ्ना अधिकार र हितहरूको रक्षा गर्नका लागि स्थानीय वन समूहहरू र अन्य सरोकारवालाहरूको क्षमता अभिबृद्धि गर्ने कार्यमा नागरिक समाजले ठूलो योगदान पुऱ्याउन सक्छ ।

●●●

---

** लेखक फरेष्टएक्सन नेपालमा कार्यरत हुनुहुन्छ । उहाँ जलवायू परिवर्तनको सन्दर्भमा प्राकृतिक श्रोतको व्यवस्थापन र यसमा विभिन्न सरोकारवालाको अधिकार एवं भूमिकाको विषयमा अनुसन्धान गरिरहनु भएको छ ।*